# करैयामाई गाउँपालिका

## करैया, बारा

# स्थानीय राजपत्र

खण्ड ५ संख्या ३ मिति २०७८।०६।०८


भाग-१

करैयामाई गाउँपालिकाको कर्मचारीहरुको व्यवस्थापन एवं
समायोजन ऐन, २०७८

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम करैयामाई गाउँपालिकाको नवौं गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्व साधारणको जानकारीले लागि प्रकाशन गरिएको छ ।

संवत २०७८ सालको ऐन नं. १
करैयामाई गाउँपालिकाको कर्मचारीहरुको व्यवस्थापन एवं समायोजन
ऐन, २०७८

## करैयामाई गाउँपालिका

## करैयामाई गाउँपालिकाको कर्मचारीहरुको व्यवस्थापन एवं समायोजन ऐन, २०७८

**प्रस्तावनाः**

मुलुक संघीय संरचनामा गई कर्मचारी समायोजन ऐन, २०७५ लागू भई सरकारी तथा अन्य सेवाबाट समायोजन भई करैयामाई गाउँपालिकामा कामकाज गर्न खटीएका तर साविकको करैयामाई गाउँपालिकामा सेवा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका तथा अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी हाल करैयामाई गाउँपालिकामा सरुवा भइ आएका स्थायी कमर्चारीहरुको हाल सम्म न्यायोचित व्यवस्थापन हुन नसकेको कारण स्थानीय सेवामा प्रवेश गरी काम गरेका समग्र कर्मचारीको वृत्ति विकास नै अबरुद्ध हुन गई त्यसको असर कार्य सम्पादनमा समेत परेकोले यसको निम्ति यथोचित सम्बोधन अपरिहार्य भएको हुँदा साविकमा करैयामाई गाउँपालिकाको (हरैया वडा १ र ६ बाहेक, करैया वडा १-९, उमजन वडा १-९, नरही वडा १-९, सिहोर्वा वडा ५ बाहेक सबै र तेतरीया वडा १-९ सम्म गा.वि.स.)

स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी कार्यरत कर्मचारी र अन्य साविकाका स्थानीय निकायबाट (जिल्ला विकास समिति) सेवा प्रवेश गरी करैयामाई गाउँपालिकाको स्वीकृत दरबन्दीमा सरुवा /समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको तह बृद्धी, बढुवा तथा ब्यवस्थापन सम्बन्धमा कानूनी व्यवस्था गरी कर्मचारी व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम करैयामाई गाउँपालिकाको नवौ गाउँसभाले यो ऐनबनाई जारी गरेको छ।

## परिच्छेद १

**१. संक्षित नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "करैयामाई गाउँपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन, २०७८ रहेको छ।

(ख) यो "ऐन" तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले करैयामाई गाउँपालिकाको कर्मचारी व्यवस्थापन एवंसमायोजन ऐन २०७८ लाई सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय (हरैया वडा १ र ६ बाहेक, करैया वडा १-९, उमजन वडा १-९, नरही वडा १-९, सिहोर्वा वडा ५ बाहेक सबै र तेतरीया वडा १-९ सम्म गा.वि.स., जिल्ला विकास समिति) को स्वीकृत दरबन्दीमा कार्यरत स्थायी नियुक्ती भई यो ऐन जारी हुँदाका वखत करैयामाई गाउँपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ग)"कार्यपालिका" भन्नाले करैयामाई गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र यस ऐन अन्तर्गत रही गाउँपालिकाले बनाएको अन्य कानूनमा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले करैयामाई गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "स्थानीय सेवा" भन्नाले करैयामाई गाउँपालिका तथा साविकका जिल्ला विकास समितिमा कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(ज) "गाउँपालिका" भन्नाले करैयामाई गाउँपालिकालाई सम्झनु पर्छ।

(झ) "स्थानीय कानून" भन्नाले करैयामाई गाउँपालिकाबाट जारी भएका कानूनलाई सम्झनु पर्छ ।

(ञ) समिति भन्नाले दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

समायोजन मिलान सम्बन्धी व्यवस्था

**३. गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको समायोजन तह मिलान**

(१) साविकको स्थानीय निकाय (हरैया वडा १ र ६ बाहेक, करैया वडा १-९, उमजन वडा १-९, नरही वडा १-९, सिहोर्वा वडा ५ बाहेक सबै र तेतरीया वडा १-९ सम्म गा.वि.स. रअन्य स्थानीय निकाय (जिल्ला विकास समिति) कोस्वीकृत दरवन्दीमा स्थायी नियुक्ती भइ यो ऐन जारी हुँदाका वखत करैयामाई गाउँपलिकामा कार्यरत स्थानीय सेवाका सबै कर्मचारीहरुलाई एकपटकको लागि देहाय बमोजिम समायोजन तह मिलान तथा ग्रेड (तलबबृद्धी) बृद्धी गरिने छ ।

| साविकको तह | सेवा अवधि | समायोजन हुने तह | समायोजन हुँदा कायम हुने ग्रेड | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| श्रेणी विहिन दोस्रो | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि | श्रेणी विहिन तेश्रो | | कक्षा ८ उतिर्ण गरेको |
| सहायक स्तर तृतिय | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायक स्तर तृतिय तह | खाईपाई आएकोमा दुई ग्रेड थप | दश कक्षा वासो सरह उतिर्ण गरेको |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि | सहायक स्तर चौथो तह | | प्रवेशिका वा सो सरह |
| सहायक स्तर चौथो | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायक स्तर चौथो तह | खाईपाई आएकोमा दुई ग्रेड थप | प्रवेशिका वा सो सरह |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि | सहायक स्तर पाँचौ तह | | प्रविणता प्रमाणपत्र तहवा सो सरह |
| सहायक स्तर पाँचौ | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायक स्तर पाँचौ तह | खाईपाई आएकोमा दुई ग्रेड थप | प्रविणता प्रमाणपत्र तहवा सो सरह |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि | अधिकृतस्तर छैठौं | | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| अधिकृत स्तर छैठौं | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृत स्तर छैठौं | खाईपाई आएकोमा दुई ग्रेड थप | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि | अधिकृतस्तर सातौं | | |
| अधिकृत स्तर सातौ | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृत स्तर सातौं | खाईपाई आएकोमा दुई ग्रेड थप | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि | अधिकृत स्तर आठौं | | |
| अधिकृत स्तर आठौं | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृत स्तर आठौं | खाईपाई आएकोमा दुई ग्रेड थप | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि | अधिकृतस्तर नवौं | | |

(२) उपदफा (१) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।
(३) यस दफा बमोजिम गाउँपालिका स्थानीय सेवाका कर्मचारीलाई समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड बृद्धी गरी तलब मिलान गरिनेछ ।
(४) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजन कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्नेछन ।

**४. समायोजन तह मिलानको पत्र दिने**

(१) यस ऐन करैयामाई गाउँपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पछि समायोजन तह मिलान (तह बृद्धी) को पत्र दिनुपर्ने छ ।
(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसुची —१ बमोजिमको हुनेछ ।

**५. पदस्थापना गरिनेः**

**(**१) दफा ३ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(२) दफा ३ बमोजिम समायोजन तह मिलान भएका गाउँपालिका अन्तर्गतरहेका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापनगरिने छ ।

**६. समायोजन भएका कर्मचारीको सेवा सुविधाः**

यस ऐन बमोजिम समायोजन भएका गाउँपालिकाको कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

**७. जेष्ठताको गणनाः**

(१) यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपूर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना हुनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पदबमोजिमको सेवा, सुविधा भने यो ऐन जारि भए पछि मात्र लागू हुने छ ।

**८. समिति :**

दफा ३ बमोजिमको समायोजन तह मिलानका लागि आवश्यक प्रशासनिक कार्यसम्पादन गर्न तथा समायोजन/वढुवा सिफारिसको निम्ति देहाय बमोजिमको समिति रहनेछ । सो समितिको सिफारिसलाई आधार मानी कार्यपालिका बैठकको अनुमोदन पस्चात प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह मिलान (बढुवा) तथा कर्मचारी ब्यवस्थापनको पत्र दिने छ।

अधिकृत, करैयामाई गाउँपालिका —संयोजक

प्रमुख प्रशासकीय अधिकृतले तोकेको करैयामाई गाउँपालिकाको अधिकृत/अन्य सरकारी कार्यालयको अधिकृत —सदस्य — १ जना

प्रशासन शाखा प्रमुख, करैयामाई गाउँपालिका —सदस्य सचिव

**९.** स्थानीय तह कर्मचारीको समायोजन र व्यवस्थापन सम्बन्धमा संघीयसरकारले जारी गर्ने स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्बन्धीमापदण्डमा उल्लेखित कानूनी व्यवस्था सँग यो ऐनको व्यवस्थाबाझिएमा बाझिएको हदसम्म निस्कृय हुनेछ ।

**१०. आवश्यक व्यवस्था मिलाउने** :

यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले योऐनको प्रतिकुल नहुने गरि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची—१

दफा ४ को उपदफा(२) सँग सम्बन्धित

समायोजन(तह मिलान)पत्र

पत्र संख्याः

चलानी                                                                                  मिति—..............

बिषय— समायोजन ( तह मिलान ) गरिएको सम्बन्धमा ।

श्री..................................

...................................

करैयामाई गाउँपालिका कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८ बमोजिम आजैका मिति देखि लागू हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा पुल दरबन्दीमा रहने गरी समायोजन (तह मिलान) गरीएको छ ।समायोजन (तह मिलान)हुनु भएकोमा बधाई छ, तपाईको उज्जवल भविष्यको कामना गर्दछु ।

तपसिलः—

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पद | पद |
| तह | तह |
| सेवा | सेवा |
| समूह | समूह |
| नियुक्ति मिति | नियुक्ति मिति |

बोधार्थः —

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं.२ जनकपुरधाम, धनुषा ।

श्री कर्मचारी संचय कोष, ठमेल, काठमाडौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, कलैया, बारा ।

श्री आर्थिक प्रशासन शाखा, करैयामाई गाउँपालिका, करैया ।

गाउँसभाबाट पारित मितिः

प्रमाणीकरण मितिः

राजपत्रमा प्रकाशन मितिः

**प्रमुख प्रशासकीय अधिकृत**